स्थानीय सरकार
गङ्गाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फूलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल
☎ ९८५१२०८९१५

पत्र संख्याः ०८०/०८१
च.नं.

मिति २०८१/०२/२५

गैरसरकारी संस्थाहरुले प्रगति प्रतिवेदन तथा आगामी आर्थिक वर्षको लागि योजना, कार्यक्रम तथा बजेटको विवरण सहित बैठकमा उपस्थित हुने सम्बन्धी सूचना !!!

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐनको दफा २५ बमोजिम अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था, उपभोक्ता समिति, सहकारी संघसंस्था लगायत सामाजिक तथा सामुदायिक संघ संस्थाले आफ्नो वार्षिक योजना कार्यक्रम तथा आफ्नो संस्थाले खर्च गर्ने बजेट स्थानीय तहको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गर्नुपर्ने कानूनी व्यवस्था रहेकाले यस गाउँ क्षेत्रमा आगामी आ.व. २०८१/०८२ मा विभिन्न योजना तथा कार्यक्रम संचालन गर्न ईच्छुक संघ संस्था, समितिहरुले यस गाउँपालिकाका लागि आ.व. २०८१/०८२ का लागि बजेट तथा योजना स्वीकृत गर्न गाउँसभामा पेश गर्ने प्रयोजनका लागि तपशिल बमोजिमको मिति, समय र स्थानमा आफ्नो बजेट कार्यक्रमको विवरण सहित बैठकमा उपस्थित हुन सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिन्छ । उक्त बैठकमा उपस्थित नहुने संघ संस्थाहरुलाई आ.व. २०८१/०८२ मा यस गाउँपालिका भित्र कार्यक्रम सञ्चालन अनुमति दिन गाउँपालिका बाध्य हुने छैन ।

तपशिलः
मितिः- २०८१ साल जेष्ठ २९ गते
समयः- दिनको १:०० बजे
स्थानः गाउँपालिकाको सभाहल, फूलखर्क, धादिङ ।

(नोटः- उपस्थित हुने संघसंस्थाहरुले चालु आ.व.को प्रगति प्रतिवेदन, संघसंस्थाको कागजातहरु र आगामी आर्थिक वर्षमा पेश गरिने योजना, कार्यक्रम तथा बजेटको विवरण सहित उपस्थित हुन ।)

| क.सं. | विषयगत क्षेत्र | योजना तथा कार्यक्रम | कार्यान्वयन गर्ने वडा, टोल, बस्ती | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

२०८१/०२/२५
अनिल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत